# वेलका नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

रामपुर, उदयपुर,

२०७३

प्रदेश नं. १ नेपाल

**आ.व. २०७५/०७६ को लागि कृषिजन्य वस्तु, पशु चौपाया, वनजन्य बनकस, खोटो, जडिबुटी, कवाडी कर, सवारी पार्किङ्ग, विज्ञापन कर संकलन तथा निकासी गर्ने सम्बन्धि शिलबन्दी दरभाउ-पत्र आह्वानको सूचना !**

सूचना प्रकाशित मिति : २०७५/०४/११

यस नगरपालिकाको कार्यालयबाट नेपालको संविधान २०७२ को अनुसूची - ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) बमोजिम स्थानीय तहको अधिकार क्षेत्रभित्रका देहाय ठेक्काहरु १ आर्थिक वर्षका लागी शिलबन्दी दरभाउ-पत्र मार्फत ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकाले १५ दिने अवधि राखी प्रथम पटकको लागी यो शिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना प्रकाशित गरिएको छ । देहायका शर्तहरुको अधिनमा रहि शिलबन्दी दरभाउ-पत्र यस कार्यालयबाट खरिद गरी तोकिएको मिति भित्र दर्ता गर्नुहुन सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

देहाय

| सि नं. | ठे.नं. | ठेक्का विवरण | न्यूनतम अंक | खरिद गर्ने अन्तिम मिति | दरभाउ-पत्र खरिद दस्तुर |
|---|---|---|---|---|---|
| १ | १/७५/७६ | कृषिजन्य बस्तु, वनजन्य (बनकस, खोटो, जडिबुटी) निकासी ठेक्का | ५,००,००० | श्रावण २५ | १००० |
| २ | २/७५/७६ | पशुजन्य बस्तु पशु चौपाया निकासी ठेक्का | ५,००,००० | श्रावण २५ | १००० |
| ३ | ३/७५/७६ | सवारी पार्किङ्ग शुल्क, दस्तुर संकलन ठेक्का | १,००,००० | श्रावण २५ | १००० |
| ४ | ४/७५/७६ | कवाडी कर संकलन ठेक्का | १,००,००० | श्रावण २५ | १००० |
| ५ | ५/७५/७६ | विज्ञापन कर | ७५,००० | श्रावण २५ | १००० |

शर्तहरु :

१ वोलपत्र फाराम प्रथम पटक सुचना प्रकाशित भएको मितिले १५ दिन (कार्यालय समयमा) रु.१००० रकम (पछि फिर्ता नहुने गरी) वुझाएको नगदी रसिद वा बैंक भौचरका साथ इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट वा निजको आधिकारीक प्रतिनिधिले कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्न सक्नेछ ।

२ दरभाउ-पत्र फाराम आफूले कवोल गरेको कुल अंकको ५% धरौटी रकम यस कार्यालयको गाईघाट स्थित धरौटी खाता नं. २०९०३०३००७१०५ मा जम्मा गरी सो को सक्कल वैङ्क भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंकले जारी गरेको कम्तीमा १२० दिन म्याद भएको बैंक ग्यारेन्टी (विड वण्ड) पेश गर्नु पर्नेछ ।

३ खरीद भएका दरभाउ-पत्रहरुको प्रत्येक पानामा सही छाप र शिलबन्दी गरी खाम वाहिर व्यक्ति वा फर्मको नाम, ठेगाना र ठेक्काको नाम, नम्बर लेखी सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १ बजे सम्म खामबन्दी गरी यस कार्यालयमा दर्ता गरी पेश गर्नुपर्नेछ ।

४ दर्ता हुन आएका शिलबन्दी दरभाउ-पत्रहरु दर्ता गर्ने अन्तिम दिनको २ :०० बजे यस कार्यालयमा दरभाउपत्र-दाता वा निजको प्रतिनिधीको रोहोवरमा खोलिनेछ । दरभाउपत्र-दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि दरभाउपत्र कुनै वाधा पर्ने छैन ।

५ दरभाउपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट तत् तत् समयमा गरीने छ ।

६ सम्झौताको समयमा ठेक्काको कवोल अंक अनुसारको सम्पूर्ण रकम एकमुष्ट बुझाएमा कवोल रकममा मु.अ.कर वाहेक १०% सम्म छुट दिन सकिनेछ ।

७ दरभाउपत्र फाराम भर्दा आफूले कबोल गरेको रकम अंक र अक्षरमा प्रस्टसंग उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

८ दरभाउपत्रदाताले आफूले कबोल गरेको रकम एकमुष्ट नबुझाएमा कवोल गरेको कूल रकम (भ्याट समेत जोडी) तीन किस्तामा बुझाउनुपर्नेछ । पहिलो किस्ता आफूले कबोल गरेको कूल रकमको ४० प्रतिशत रकम सम्झौता गर्ने समयमा नै बुझाउनुपर्नेछ । त्यसपछिको बाँकी ६० प्रतिशत रकमलाई बराबर भाग लगाई २ किस्तामा बुझाउनुपर्नेछ । सो दुई किस्ता बापतको दोश्रो किस्ता रकम २०७५ फाल्गुन मसान्तभित्र र तेश्रो तथा अन्तिम किस्ता बापतको रकम २०७६ बैशाख मसान्तभित्र बुझाउनुपर्नेछ ।

९ सम्झौता गर्दा पहिलो किस्ता बाहेक बुझाउन बाँकी ६० प्रतिशत रकमको २०७६ असार मसान्तसम्म अवधि भएको यस कार्यालयको नाममा राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकहरुबाट जारी गरिएको बैंक जमानत परफरमेन्स बण्ड पेश गरेपछि मात्र ठेक्का सम्झौता गरी स्थायी चलनपूर्जी दिईनेछ ।

१० कर/शुल्क उठाउने रसिदहरु ठेक्काको शीर्षक अनुसार छुट्टाछुट्टै रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीबाट प्रमाणित गराई कार्यालयको छाप लगाई कार्यालयमा रसिद नम्बर दाखिला गरेर मात्र कर दस्तुर उठाउन प्रयोगमा ल्याउनुपर्नेछ ।

११ ठेक्काका सम्बन्धमा कुनै किसिमको विवादको स्थिती स्वीकार्य हुने छैन । कुनै किसिमको विवादको स्थिति सिर्जना भएमा वा यस कार्यालय तथा ठेकेदार बीच कुनै विवाद उत्पन्न भएमा प्रचलित कानुन, ऐन, नियमको परिधिभित्र रही वेलका नगरपालिकाको कार्यालय रामपुर, उदयपुरले गरेको निर्णय अन्तिम हुनेछ ।

१२ ठेकेदारले उठाउने कर यस कार्यालयद्धारा तोकिएको उत्पादनस्थल वा तोकेको संकलन केन्द्रमा नगरसभाबाट स्वीकृत आर्थिक ऐनमा उल्लेख भएको दररेटमा मात्र कर उठाउनु पर्नेछ ।

१३ ठेक्का अवधि सम्झौता भएको मिति देखि लागू हुने गरी २०७६ आषाढ मसान्तसम्म हुनेछ ।

१४ यसमा उल्लेख भएका कुराहरुमा सोही बमोजिम र यसमा उल्लेख नभएका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन तथा नियमावली र अन्य प्रचलित ऐन, कानुन अनुसार हुनेछ ।

वेलका नगरपालिका, रामपुर उदयपुर ।